# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, पुस १५ गते २०५६ साल (संख्या ३७


## भाग ३

श्री ५ को सरकार

### भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

श्री ५ को सरकारले सडक बोर्ड ऐन, २०५८ को दफा २ ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन २०५६ साल पुस १५ देखि प्रारम्भ हुने गरी तोकेको छ ।

आज्ञाले,
भारती शर्मा
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी लमजुङ्ग जिल्ला अस्पतालको प्रयोजनको लागि Deutsche Hilfsaktion fur Mission Skrankenhauser बाट उपहार स्वरूप प्राप्त हुने यूरो ४७,७३२.०० मूल्य बराबरका चिकित्सा औजार तथा उपकरणहरू आयात गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल नेत्रज्योति संघले नेपालगञ्जमा संचालन गरेको फत्तेवाल आँखा अस्पतालको लागि Swiss Red Cross बाट उपहार स्वरूप प्राप्त हुने Appasamy Associates, Chennai, India बाट उत्पादित अमेरिकी डलर ८,४५०.०० मूल्य बराबरका Ophthalmic Goods आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी मुनि विहार इनाचो भक्तपुरलाई थाईलैण्डका थाई राजगुरुबाट उपहार स्वरूप प्राप्त थाई भाट २०,०००.०० (बीस हजार) मूल्य बराबरको १ (एक) थान बुद्ध मूर्ति आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी गृह मन्त्रालयले क्षेत्रिय प्रशासन कार्यालयको लागि पाँच थान निसान हार्डटप जीप र जिल्ला प्रशासन कार्यालयको लागि पच्चीस थान हार्डटप जीप आयात गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत र मूल्य अभिवृद्धि कर पूरं असुल गरी बाँकी भन्सार महसुल तथा अन्य करहरू छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६६

## सूचना ५

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकार र संयुक्त राज्य अमेरिकी सहयोग नियोग (USAID) बीच सम्पन्न सम्झौता अनुसार Strategic Objective 4 अन्तर्गत सञ्चालित Increased Private sector participation environmentally and socially hydropower development कार्यक्रमका लागि नियुक्त International resources group सल्लाहकारले USAID का नाममा आयात गरेको गाडी थान २ (दुई) विद्युत विकास विभागलाई हस्तान्तरण गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं स्थित अमेरिकी राजदूतावासले कुटनैतिक सुविधामा आयात गरेको दर्ता नं. ६१ सिडी १ को १९९३ फोर्ड गाडि थान १ (एक) त्रिभुवन विश्वविद्यालय अन्तर्गत थापाथली क्याम्पसलाई उपहार स्वरुप प्रदान गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल आयल निगमले अन्तर्राष्ट्रिय उडान भर्ने वायुसेवाहरूलाई उपलब्ध गराउने ए. टि. एफ. इन्धन तीस हजार किलो लिटर आर्थिक वर्ष २०५९।६० का लागि आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

268